**प्रस्तावहरुः**

२०८१।०८२-०८।०१ अघिल्लो कार्यपालिका बैठकको निर्णयहरु कार्यान्वयन समिक्षा सम्बन्धमा
२०८१।०८२-०८।०२ गाउँपालिकाबाट नागरिकलाइ उपलब्ध गराउने सेवा प्रवाह प्रभावकारीता वढाउने सम्बन्धमा ।
२०८१।०८२-०८।०३ संघ, प्रदेश लगायतका अन्य कार्यालयहरुबाट प्राप्त पत्र, निर्देशन, सूचना तथा यस कार्यालयबाट भए, गरेका कार्यहरुको जानकारी सम्बन्धमा ।
२०८१।०८२-०८।०४ गाउँपालिका अध्यक्ष लगायत अन्य जनप्रतिनिधिहरु उपस्थित भएको कार्यक्रमहरुको बारेमा जानकारी तथा अनुभव आदानप्रदान सम्बन्धमा ।
२०८१।०८२-०८।०५ सोह्रौं गाउँसभा अधिवेशन सम्बन्धमा ।
२०८१।०८२-०८।०६ रूपा गाउँपालिका १ नं वडा कार्यालयको प्रशासकीय केन्द्र स्थानान्तरण सम्बन्धमा ।
२०८१।०८२-०८।०७ लैङ्गिक नीति सम्बन्धमा।
२०८१।०८२-०८।०८ सार्वजनिक बाटो अद्यावधिक तथा लगत कट्टा सम्बन्धमा।
२०८१।०८२-०८।०९ आर्थिक वर्ष २०८१/०८२ को बजेट रकमान्तर/स्रोतान्तर सम्बन्धमा।
२०८१।०८२-०८।१० कर्मचारीहरूको संगठन र व्यवस्थापन सर्वेक्षण (o & m सर्भे) सम्बन्धमा ।
२०८१।०८२-०८।११ सेवा करारमा ( मेडिकल अधिकृत, अनमी, अहेव) कर्मचारी नियुक्ति सम्बन्धमा ।
२०८१।०८२-०८।१२ रूपा गाउँपालिका कास्कीको प्रथम पञ्चवर्षीय योजनाको मध्यावधि समिक्षा र पुनरावलोकन तथा मध्यमकालिन खर्च संरचना सम्बन्धमा ।
२०८१।०८२-०८।१३ सामी परियोजनासँग लागत साझेदारी सम्बन्धमा ।
२०८१।०८२-०८।१४ रूपा गाउँपालिका १ नं वडा कार्यालयको प्रशासकीय भवन सम्बन्धमा ।
२०८१।०८२-०८।१५ बिबिध सम्बन्धमा ।

**निर्णयहरुः**

**कार्यपालिका निर्णय नं २०८१/०८२-०८।०१**

प्रस्ताव नं २०८१/०८२-०८।०१ उपर छलफल गर्दा १५८ औ कार्यपालिका बैठकका निर्णयहरुको कार्यान्वयनको अवस्थाको बारेमा छलफल तथा समिक्षा गरियो ।

**कार्यपालिका निर्णय नं २०८१/०८२-०८।०२**

प्रस्ताव नं २०८१/०८२-०८।०२ उपर छलफल गर्दा गाउँपालिकाबाट नागरिकलाई उपलब्ध गराउने सेवा प्रवाहलाई थप प्रभावकारी बनाउन सार्वजनिक सेवा तथा क्षमता विकास समितिलाई सक्रिय बनाई जनगुनासोका विषयलाई सम्बोधन गरी सेवा प्रवाहलाई थप प्रभावकारी बनाउने निर्णय गरियो ।

**कार्यपालिका निर्णय नं २०८१/०८२-०८।०३**

प्रस्ताव नं २०८१/०८२-०८।०३ उपर छलफल गर्दा संघ, प्रदेश तथा अन्य निकायहरुबाट प्राप्त पत्र तथा निर्देशनहरु र कार्यालयमा भए, गरेका कार्यहरुको बारेमा जानकारी गरियो ।

**<u>कार्यपालिका निर्णय नं २०८१/०८२-०८।०४</u>**

प्रस्ताव नं २०८१/०८२-०८।०४ उपर छलफल गर्दा गाउँपालिका अध्यक्ष लगायत अन्य जनप्रतिनिधिहरु उपस्थित भएका तपसिलका कार्यक्रमहरुको बारेमा जानकारी तथा अनुभव आदानप्रदान गरियो।

जिल्ला समन्वय समितिको कार्यालयमा अन्तर्क्रिया कार्यक्रम

न्यायिक समिति सहजीकरणका उच्च अदालत पोखरा

गाउँपालिकाको प्रशासकीय भवन निर्माणको लागि गण्डकी प्रदेश सरकारसँग समन्वयात्मक वैठक

**<u>कार्यपालिका निर्णय नं २०८१/०८२-०८।०५</u>**

प्रस्ताव नं २०८१/०८२-०८।०५ उपर छलफल गर्दा मिति २०८१ पौष २६ गते बिहीबार अपरान्ह १२.०० बजेदेखि सञ्चालन हुने रुपा गाउँपालिकाको सोह्रौं गाउँसभा अधिवेशनको पहिलो बैठक तयारीको लागी सम्बन्धित समिति तथा शाखालाई निर्देशन दिने निर्णय गरियो ।

**<u>कार्यपालिका निर्णय नं २०८१/०८२-०८।०६</u>**

प्रस्ताव नं २०८१/०८२-०८।०६ उपर छलफल गर्दा रूपा गाउँपालिका १ नं वडा कार्यालयको हालको स्थानमा रहेको प्रशासनीक भवन बहुसङ्ख्यक नागरिकहरूको लागि अपायक भएको र वडाबासीको जनधनत्व वढी भएको तथा पायक पर्ने रूपा १ दरगाउँटारमा  वडा केन्द्र स्थानान्तरण गर्नुपर्ने देखिएकाले वडा कार्यालयको केन्द्र परिवर्तन गरी रूपा १ दरगाउँटारमा वडाको केन्द्र कायम गरिदिन वडा कार्यालयले सिफारिस सहित निर्णय पेस गरेको। स्थानीय सरकार सञ्चालन ऐन, २०७४ को दफा ६ को उपदफा ७ बमोजिम वडा समितिको परामर्शमा गाउँसभाको तत्काल कायम रहेको सदस्य सङ्ख्याहरुको दुइ तिहाइ बहुमतले वडाको केन्द्र हेरफेर गर्न सक्ने व्यवस्था रहेकाले उक्त केन्द्र स्थानान्तरणका लागि आगामी गाउँसभामा पेस गर्ने निर्णय गरियो ।

**<u>कार्यपालिका निर्णय नं २०८१/०८२-०८।०७</u>**

प्रस्ताव नं २०८१/०८२-०८।०७ उपर छलफल गर्दा रूपा गाउँपालिका कास्कीको लैङ्गिक नीति २०८१ दफावार छलफल सहित संशोधन सहित स्वीकृत गरी आगामी गाउँसभामा पेस गर्ने निर्णय गरियो ।

**<u>कार्यपालिका निर्णय नं २०८१/०८२-०८।०८</u>**

प्रस्ताव नं २०८१/०८२-०८।०८ उपर छलफल गर्दा कृषि, भूमि, व्यवस्था तथा सहकारी मन्त्रालय गण्डकी प्रदेश, पोखराकव चलानी नं ३१३, मिति २०८१।०९।२१ को पत्रानुसार प्रस्ताव पेस गर्न अनुरोध भएकोमा सो पत्रमा उल्लेख भएका ढाँचामा प्रस्ताव पेस गर्ने । साथै उक्त कार्यको लागि लागत साझेदारी वापतको स्रोत सुनिश्चितताको लागि आगामी गाउँसभामा पेस गर्ने निर्णय गरियो।

**<u>कार्यपालिका निर्णय नं २०८१/०८२-०८।०९</u>**

प्रस्ताव नं २०८१/०८२-०८।०९ उपर छलफल गर्दा चालु आर्थिक वर्ष २०८१/०८२ को बजेट रकमान्तर/स्रोतान्तरका लागि वडा समितिको निर्णयसहित पेस भएका योजना तथा कार्यक्रमहरूको रकमान्तर/स्रोतान्तरका लागि आगामी गाउँसभामा पेस गर्ने निर्णय गरियो ।

**कार्यपालिका निर्णय नं २०८१/०८२-०८।१०**

प्रस्ताव नं २०८१/०८२-०८।१० उपर छलफल गर्दा रूपा गाउँ कार्यपालिकाको कार्यालय कास्कीको कर्मचारीहरूको संगठन र व्यवस्थापन सर्वेक्षण (o & m सर्भे) को प्रक्रिया अगाडी बढाउन आगामी गाउँसभामा पेस गर्ने निर्णय गरियो।

**कार्यपालिका निर्णय नं २०८१/०८२-०८।११**

प्रस्ताव नं २०८१/०८२-०८।११ उपर छलफल गर्दा रूपा गाउँ कार्यपालिकाको कार्यालय कास्कीमा सेवा गर्नेगरी तपसिलका पदहरूमा सेवा करारमा कर्मचारी नियुक्ति गर्ने निर्णय गरियो ।

तपसिलः

| क स | पद | तह | माग सङ्ख्या | कैफियत |
|---|---|---|---|---|
| १ | मेडिकल अधिकृत | आठौं | १ | |
| २ | अनमी | चौथो | १ | |
| ३ | अहेव | चौथो | १ | |

**कार्यपालिका निर्णय नं २०८१/०८२-०८।१२**

प्रस्ताव नं २०८१/०८२-०८।१२ उपर छलफल गर्दा रूपा गाउँपालिका कास्कीको प्रथम पञ्चवर्षीय योजनाको मध्यावधि समिक्षासहित संरचनागत रूपान्तरणका क्षेत्रहरू समेटी जारी भएको सोह्रौं योजना, गण्डकी प्रदेशको दोस्रो योजना, दिगो विकासका लक्ष्यहरूको स्थानीयकरण र मध्यमकालिन खर्च संरचनामा अन्तरआवद्धता गर्नुपर्ने भएकाले सम्बन्धित सरोकारवालाहरूसँग छलफल, अन्तर्क्रिया तथा समिक्षा सम्बन्धी कार्यक्रमहरु सञ्चालन गरी आवधिक योजनाको अद्यावधिका लागि पेस भएबोजिम प्रस्ताव स्वीकृत गरी उक्त योजना संशोधनका लागि प्रक्रिया अगाडी बढाउन आगामी गाउँसभामा पेस गर्ने निर्णय गरियो ।सोको तादम्यता हुनेगरी मध्यमकालिन खर्च संरचना समेत निर्माण गर्ने निर्णय गरियो ।

**कार्यपालिका निर्णय नं २०८१/०८२-०८।१३**

प्रस्ताव नं २०८१/०८२-०८।१३ उपर छलफल गर्दा सामी परियोजनासँग साझेदारी गर्न रकम रू ५ लाख बिनियोजनका लागि आगामी गाउँसभामा पेस गर्ने निर्णय गरियो।

**कार्यपालिका निर्णय नं २०८१/०८२-०८।१४**

प्रस्ताव नं २०८१/०८२-०८।१४ उपर छलफल गर्दा रूपा गाउँपालिका वडा नं १ को कार्यालय भवन निर्माण प्रयोजनार्थ जग्गा प्रासिको लागि रूपा गाउँपालिका वडा नं १, दरगाउँटार (साविक फल्याङ्कोट-१) निवासी बालकुमारी श्रेष्ठको नाउँमा दर्ता श्रेष्ता कायम रहेको सि.नं ०९४-११७८, कि नं ७९ को क्षेत्रफल ५-८-३-१ को जग्गा मध्येबाट ०-१३-०-० जग्गा वडा नं १ को भवन निर्माणका लागि निशुल्क दिन वडा कार्यालयमा मञ्जुरी सहमती भइ सरकारी जग्गा दर्ता उपभोग तथा

रुपा गाउँपालिका कास्की

लिजमा उपलब्ध गराउने सम्बन्धी कार्यनीति, २०७९ अनुसार उक्त जग्गा प्रासको लागि प्रक्रिया अगाडि बढाइएकोमा नेपाल सरकार मन्त्रिपरिषद्को मिति २०७५/०५/२६ को निर्णयानुसार जारी गरिएको गाउँपालिका तथा नगरपालिकाको केन्द्र निर्धारण सम्बन्धी मापदण्ड, २०७५ अनुसार वडा केन्द्र निर्माणको लागि हुनुपर्ने क्षेत्रफलको न्यूनतम मापदण्ड पुरा नभएको र निजले थप जग्गा दिन समेत मञ्जुर नभएको पाइयो ।उल्लिखित कार्यका लागि रूपा गाउँपालिका वडा नं १ (साविक थुम्की-१) फल्याङ्कोट निवासी शिव बहादुर गोदार क्षेत्रीको नाउँमा दर्ता श्रेष्ता कायम रहेको सि.नं ०९४-११७८, कित्ता नं १, क्षेत्रफल ३-५-१-१ मध्येबाट पुर्वतर्फको क्षेत्रफल बाँकी राखी ३-०-१-० क्षेत्रफलको जग्गा रूपा गाउँपालिका १ नं वडा कार्यालयको प्रशासकीय भवन निर्माणका लागि निशुल्क दिन वडा कार्यालयमा मञ्जुरी सहमती भएको ।तसर्थ रूपा गाउँपालिका वडा नं १ को कार्यालय भवन निर्माण प्रयोजनार्थ जग्गा प्रासिको लागि रूपा गाउँपालिका वडा नं १, दरगाउँटार (साविक फल्याङ्कोट-१) निवासी बालकुमारी श्रेष्ठको नाउँमा दर्ता श्रेष्ता कायम रहेको सि.नं ०९४-११७८ कि नं ७९ को क्षेत्रफल ५-८-३-१ को जग्गा मध्येबाट ०-१३-०-० जग्गा प्रासिको प्रक्रिया खारेजी गरी रूपा गाउँपालिका वडा नं १ (साविक थुम्की-१) फल्याङ्कोट निवासी शिव बहादुर गोदार क्षेत्रीको नाउँमा दर्ता श्रेष्ता कायम रहेको सि.नं ०९४-११७८, कित्ता नं १, क्षेत्रफल ३-५-१-१ मध्येबाट पुर्वतर्फको क्षेत्रफल बाँकी राखी ३-०-१-० क्षेत्रफलको जग्गा प्रासिका लागि सरकारी जग्गा दर्ता उपभोग तथा लिजमा उपलब्ध गराउने सम्बन्धी कार्यनीति, २०७९ अनुसार प्रकिया अगाडि बढाउने निर्णय गरियो ।

**कार्यपालिका निर्णय नं २०८१/०८२-०८।१५**

प्रस्ताव नं २०८१/०८२-०८।१५ उपर छलफल गर्दा तपसिलका निर्णयहरू गरियो ।

तपसिलः

क) कार्यस्तरमा आधारित सिप/क्षमता विकास तालिम र जीवन उपयोगी सिप तालिम सञ्चालनका लागि कार्यक्रम कार्यान्वयन मार्गदर्शन २०८१ बमोजिम प्रक्रिया अगाडि बढाउने ।

ख) बहुआयामिक स्रोतकेन्द्र नेपाल हेटौंडा मकवानपुरसँग दिगो जीविकोपार्जनका लागि कृषिजन्य आय आर्जन प्रवर्धन कार्यक्रम सञ्चालनार्थ यस गाउँपालिकाको तर्फबाट हुने लागत साझेदारीबापतको रकम रू ५ लाखको स्रोत सुनिश्चितताको लागि आगामी गाउँसभामा पेस गर्ने निर्णय गरियो ।

ग) नापी कार्यालय लेखनाथको लागि ट्रष्ट निर्माण गर्न रकम रू १ लाख विनियोजनका लागि आगामी गाउँसभामा पेस गर्ने ।

घ) ध्रवतारा क्लव रूपा ६ हात्तीमैतामा नेपालकै ठूलो झन्डा स्थापना गर्नका लागि रू १ लाख स्रोत सुनिश्चितताको लागि आगामी गाउँसभामा पेस गर्ने ।

ङ) रूपा गाउँपालिका वडा नं ६ स्थित चन्द्र प्रभा माध्यमिक विद्यालयको भवनको छाना चुहिएर पठनपाठनमा अवरोध भएकाले उक्त छाना पूनर्निमाणको लागि रकम रू २ लाख स्रोत सुनिश्चितताको लागि गाउँसभामा पेस गर्ने ।

रुपा गाउँपालिका कास्की

च) साझा सुविधा केन्द्र उद्यम घर स्थापना तथा सञ्चालनका लागि गरीवी निवारणका लागि लघुउद्यम विकास कार्यक्रम सञ्चालन निर्देशिका २०७७ बमोजिम प्रक्रिया अगाडि वढाउन सम्बन्धित शाखालाई निर्देशन दिने ।

छ) आत्महत्या निरूत्साहन कार्यक्रम सञ्चालनका लागि नौलो घुम्ति नेपालसँग साझेदारीवापतको रकम रू ५ लाखको स्रोत सुनिश्चितताको लागि आगामी गाउँसभामा पेस गर्ने निर्णय गरियो ।

ज) रूपा गाउँपालिका ६ नं वडा कार्यालयबाट मिति २०८१ असोज १ देखि ११ सम्म राष्ट्रिय परिचयपत्र वितरणका लागि जिल्ला प्रशासन कार्यालय कास्कीबाट खटाइएका टोलिहरूलाई आवास र खाना वापतको खर्च रकम रु १९६८०/- अनुमोदन गरी भुक्तानी दिने निर्णय गरियो ।

झ) पेस **भएबमोजिम रुपा गाउँपालिका कास्कीको प्रसूति सट्टा शिक्षक व्यवस्थापन कार्यविधि, २०८१** संशोधन सहित स्वीकृत गरियो ।

ञ) रूपा गाउँपालिका वडा नं १ को मादिवृद्धि एकीकृत समाज भवन रैकरवेशीको लागी चालु आर्थिक वर्षमा विनियोजित रकम कम भएको पाइएकाले रूपा १ सिँडी बाटोमा बिनियोजित रकमलाई रकमान्तर गरी उक्त समाज भवनको लागि रकम रु ५ लाख कायम गर्न आगामी गाउँसभामा पेस गर्ने निर्णय गरियो ।

ट) रुपा गाउँपालिका वडा नं १ को बोटेगाउँमा बोटे समाज ट्रष्ट निर्माणको लागि रकम रू १ लाख ५० हजार व्यवस्थापनको लागि आगामी गाउँसभामा पेस गर्ने निर्णय गरियो ।

ठ) रूपा गाउँपालिका वडा नं ४ स्थित स्यालडाँडामा सांस्कृतिक सम्पदाको संरक्षण तथा सम्बर्धनका लागि रोटेपिङ निर्माणार्थ बजेट व्यवस्था गरिदिन वडा कार्यालयको सिफारिस सहित निवेदन पेस भएकाले उक्त पिङ निर्माणको लागि लागत अनुमान अनुसारको रकम रु. ८० हजार आगामी गाउँसभामा स्रोत सुनिश्चितता हुनेगरी कार्यप्रक्रिया अगाडी बढाउन स्वीकृति प्रदान गर्ने निर्णय गरियो ।

मिति २०८१ पुष २५ गते बसेको गाउँ कार्यपालिका बैठकले उपर उल्लिखत निर्णय गरेको व्यहोरा स्थानीय सरकार सञ्चालन ऐन, २०७४ को दफा ८४, उपदफा २ खण्ड (क), (ज) बमोजिम प्रमाणित गर्दछु ।

.. ... .... ... ...
(चिरन्जीवी बराल)
प्रमुख प्रशासकीय अधिकृत
रुपा गाउँपालिका कास्की

गाउँपालिका कास्की